"पाँचखाल नगर-कृषि सहर"
"Panchkhal Municipal Agriculture City"
# पाँचखाल नगरपालिका
## Panchkhal Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Exeicutive
पाँचखाल, काभ्रेपलाञ्चोक
Panchkhal, Kavrepalanchok)
बागमती प्रदेश, नेपाल
(Bagamati Province, Nepal)

फोन नं.: ०११-४९९४१५
Phone No.: 011-499451
फ्याक्स नं.: ०११-४९९२६७
Fax No.: 011-499267

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

प. सं. :- ०८१/८२
च. नं. (Ref. No.) :-

मिति: २०८१/०६/२१
ने.सं. ११४४, कौलाथ्व ४ सोमबार

## सूचना! सूचना!! सूचना!!!

पाँचखाल नगरपालिका कृषि तथा सहकारी शाखाको यस चालु आ.ब. २०८१/८२ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत माटो सुधार एवं प्रबर्द्धन कार्यक्रममा सहभागी हुन चाहानु हुने ईच्छुक कृषक, व्यवसायिक कृषक, कृषक समूह तथा कृषि सहकारीहरुले सूचना प्रकाशनको मितिले १५ दिन भित्र तपसिलमा उल्लिखित आवश्यक कागजत सहित कृषि तथा सहकारी शाखामा आवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागी अनुरोध गरिन्छ।

*नोट: रित नपुगेका वा म्याद नाघी आएका निवेदनमा कुनै कारवाही नहुने व्यहोरा जानकारी गराईन्छ।*

तपसिल

| क्र.स. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | आवाश्यक कागजातहरु/सामाग्रीहरु |
|---|---|---|---|
| १ | माटो सुधार एवं प्रबर्द्धन कार्यक्रम | | |
| क. | कृषि चून मागको लागि | ७५ प्रतिशत | १. कार्यालयको ढाँचामा निवेदन<br>२. कृषक समूह/सहकारीको हकमा कार्यक्रम माग सम्बन्धि कार्यसमितिको निर्णय<br>३. दर्ता, कर चुक्ता, पानं नं प्रमाणपत्रको प्रतिलिपि<br>४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र<br>५. जग्गाधनि पुर्जा र नेपाली नागरिकताको प्रतिलिपि |
| ख. | माटो परिक्षणको लागि | १०० प्रतिशत | १. माटो को नमूना (१-२ केजी)<br>*नोट: माटोको नमूना परिक्षण गर्न पठाउँदा प्लाष्टिकको थैलोमा निम्न विवरण हुनु पर्दछ।*<br>नाम/थर:<br>ठेगाना:<br>खेतबारीको किसिम:<br>लगाउने बाली:<br>मिति:<br>जमिनको गहिराई: |

.............
(अच्युत राज रेग्मी)
प्रमुख प्रशासकीय अधिकृत

अच्युत राज रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

मिति: २०८१/ /

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत,
पाँचखाल नगर कार्यपालिकाको कार्यालय,
पाँचखाल, काभ्रेपलाञ्चोक।

विषय :- कार्यक्रम माग सम्बन्धमा।

प्रस्तुत विषयमा पाँचखाल नगरपालिका कृषि तथा सहकारी शाखाको मिति २०८१/०६/२१मा प्रकाशित सूचना बमोजिम माटो सुधार एवं प्रबर्द्धन कार्यक्रमको माग गर्ने भनिएको हुँदा तपसिल बमोजिमको कृषि सामाग्री उपलब्ध गराई कार्यक्रममा सहभागी गराइदिनु हुन अनुरोध गर्दछु।

तपसिल

| क्र.सं. | जग्गाधनीको नामथर | क्षेत्रफल | चून/जिप्सम (केजी) |
|---|---|---|---|
| | | | |

निवेदक

नाम/थर:

संस्थाको नाम:

ठेगाना:

सम्पर्क नं:


टोल:


संस्थाको छाप:

# माटोको नमुना संकलन गर्ने तरिका

## अन्न र तरकारी बालीको लागि


एकै प्रकारको माटो (जस्तै रङ्ग, बनावट, भिरालो पना आदि) भएको जमिनबाट १ वटा नमूना तयार गर्ने ।





एउटा माटोको नमूना तयार गर्न १ रोपनीबाट कम्तीमा ५/६ ठाउँबाट माटोको नमूना लिनु पर्दछ ।


प्रत्येक ठाउँमा १५ देखि २० से.मि. गहिरो 'V' आकारको खाल्डोको एक भित्ताबाट माथि देखि तल सम्म एउटै मोटाइको माटोको नमूना लिने ।







सबै खाल्डो बाट संकलित माटोको नमूनालाई एकै ठाउँमा जम्मा गरेर राम्रोसँग मिसाउने ।

यसरी जम्मा गरेको माटोबाट ढुङ्गा, झारपात जस्ता अनावश्यक चिजहरूलाई हटाई ४ बराबर भागमा बाँडी आमने सामनेको २ भाग हटाउने ।







बाँकि रहेको २ भाग माटोलाई फेरी राम्रोसँग मिसाएर पुनः ४ भाग लगाई २ भाग राखि २ भाग हटाउने। यो क्रम माटोको नमूना करिब १/२ के.जी. नभएसम्म दोहोर्याउने । आधा के.जी. माटोलाई उल्लेखित विवरण लेखि प्रयोगशालामा पठाउने ।

## फलफूल बालीको लागि

फरक किसिमका माटो (जस्तै रङ्ग, बनावट, भिरालोपना आदि) भएको जमिनबाट छुट्टा छुट्टै नमूना तयार पार्ने ।







छनोट गरीएको जमिनबाट १ रोपनीबाट कम्तिमा एक वटा ३ फिट गहिराईको खाडल खन्ने । माटोको नमूना लिने खाडलको एक तर्फको भित्तामा माथिबाट तल तर्फ १, २, र ३ फिट गहिराईमा चिनो लगाउने ।

चिनो लगाएको भित्ताबाट छुट्टा छुट्टै भाडाँमा ०-१, १-२ र २-३ फिटसम्मको माटोको नमूना संकलन गर्ने ।




यसरी छुट्टा छुट्टै संकलन गरेको माटो प्रत्येकलाई छुट्टा-छुट्टै ४ भाग लगाई आमने सामनेको २ भाग हटाई २ भाग बाँकि राख्ने र यो क्रम माटो १/२ के.जी. नभएसम्म दोहोर्याउने ।




यसरी तयार गरेको माटोलाई सफा प्लाष्टिकको थैलोमा राखि कृषकको नाम, ठेगाना, खेतको विवरण जमिनका गहिराई खुलाई नजिकको माटो परिक्षण प्रयोगशालामा लैजाने ।

**माटोको नमुना परीक्षण गर्न पठाउँदा निम्न विवरण हुनु पर्दछ:**

नामथर:

ठेगाना:

खेतबारीको किसिम:

लगाउने बाली:

मिति:

जमिनको गहिराई:

थप जानकारीको लागि:

'पाँचखाल नगर-कृषि शहर'

**पाँचखाल नगरपालिका**
**कृषि विकास शाखा**
**पाँचखाल, काभ्रेपलाञ्चोक**
सम्पर्क नं.: ०११-४९९४५१, E-mail: panchkhalkrishi@gmail.com